आज मिति २०७७ साल भदौ ३१ गतेबुधबारका दिन बिहान ११:०० बजे यस बरियारपट्टी गाउँ कार्यपालिकाको अध्यक्ष श्री सन्तोष कुमार महतोज्युको अध्यक्षतामा बसेको बैठकमा तपशिलको महानुभावहरुको उपस्थितिमा निम्न बमोजिमको निर्णय गरियो ।

**उपस्थिति :**

| | |
|---|---|
| १। अध्यक्ष - | श्री सन्तोष कुमार महतो |
| २। उपाध्यक्ष - | श्री रेखा कुमारी यादव |
| ३। वडा अध्यक्ष वडा नं. १ - | श्री नेवालाल यादव |
| ४। वडा अध्यक्ष वडा नं. २ - | श्री विजय कुमार महतो |
| ५। वडा अध्यक्ष वडा नं. ३ - | श्री अनन्त लाल यादव |
| ६। वडा अध्यक्ष वडा नं. ४ - | श्री नबिन कुमार यादव |
| ७। वडा अध्यक्ष वडा नं. ५ - | श्री ममता कुमारी यादव |
| ८। कार्यपालिका सदस्य - | श्री सरोज देवी राय |
| ९। कार्यपालिका सदस्य - | श्री रिता देवी चमार |
| १०। कार्यपालिका सदस्य - | श्री शान्ति देवी मण्डल |
| ११। कार्यपालिका सदस्य - | श्री चन्दन कुमार सिंह |
| १२। कार्यपालिका सदस्य - | श्री सुरेन्द्र ठाकुर |
| १३। सदस्य सचिब - | श्री रंजित जंग अधिकारी |

**आमन्त्रित :**

| | |
|---|---|
| १। इन्जिनियर - | श्री सुरेन्द्र प्रदाद यादव |

**प्रस्ताब तथा निर्णय**

१। एकिकृत ग्रामिण पर्यटन विकासका लागि पुर्बाधार विकास कार्यक्रम सम्बन्धमा ।

२। बालि रोक्का राख्ने सम्बन्धमा ।

३। विद्यालयमा प्र. अ. तोकी खाता संचालन सम्बन्धमा ।

४। बिज्ञापन गर्ने सम्बन्धमा ।

**प्रस्ताब तथा निर्णय नं. १. :**

प्रस्ताब नं. प्रस्ताब १ माथि छलफल गर्दा संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालय, सिंहदरबार, काठमाडौं मिति २०७७\०५\०१ गते च.न. ४३ को पत्र बमोजिम प्रस्ताब आब्हान गर्ने सन्दर्भमा यस गाउँपालिकाबाट निर्देशिकामा भए बमोजिम आयोजना प्रसताबका मध्ये क्षेत्र पर्यटन पुर्बाधार तथा पर्यटन उपज विकास साझेदारी ( संचालन तथा व्यवस्थापन ) निर्देशिका, २०७७ को दफा ४ को बुंदा नं. ४ र ५**" एकिकृत ग्रामिण पर्यटन विकासका लागि पुर्बाधार विकास कार्यक्रम, सांस्कृतिक एवम् पर्यटकीय क्षेत्र संरक्षण सम्बन्धि कार्यक्रम "** को प्रस्ताब पेश गर्ने र यस गाउँपालिका अन्तर्गत १. भुवनेश्वर नाथ मन्दिरको सौन्दर्यिकर्ण **पुर्बाधार विकास कार्यक्रममा** लाग्ने कुल रकम ( रु. २,४४,०८,०००) को ३० प्रतिशत आउने रकम ( रु. ७३,२२,४०० ) र २. गा.पा. नजिकको पोखरीको सौन्दर्यिकर्ण **पुर्बाधार विकास कार्यक्रममा** लाग्ने कुल रकम ( रु. २,३६,१७,०००) को ३० प्रतिशत आउने रकम ( रु. ७०,८५,१०० ) रकम यस कार्यालयले व्यहोर्ने निर्णय सर्बसमतले पारित गरियौ |

**प्रस्ताब तथा निर्णय नं. २. :**

प्रस्ताब नं. २ माथि छलफल गर्दा सिरहा जिल्ला अदालत, सिरहाको मिति २०७७\०४\२६ गतेको पत्र बमोजिम यस गा.पा. वडा नं. २ को कि.न. २८४, ३३७, ३६७,र ४०५ का जग्गाहरुमा लगाएको २०७७ सालको धानबाली प्रस्तुत मुदा फैसला हुँदा ठहरे बमोजिम हुने गरि हाललाई वडा नं. २ को वडा अध्यक्ष ज्युको सवामित्वमा धानबाली राख्ने निर्णय सर्बसमितिले पारित गरियो |

**प्रस्ताब तथा निर्णय नं. ३. :**

प्रस्ताब नं. ३ माथि छलफल गर्दा श्री आधारभूत विद्यालय कचनारीको मिति २०७७\०५\२६ च.न. ०२ को पत्र र मिति २०७७\०५\२६ च.न. ०१ को पत्र तथा श्री आधारभूत विद्यालय कचनारीको स्टाफ बठकको निर्णय नं. १ र २ बमोजिम नि.मा.बि. शिक्षक श्री बिन्देश्वर प्रसाद यादव लाई निमित प्र.अ. तोकी निज र श्री देवराम यादवको नाममा संयुक्त हस्ताक्षरबाट खाता संचालन गर्ने सिफारिस गर्ने भनि सर्वसम्मत बाट निर्णय गरियो |

**प्रस्ताब तथा निर्णय नं. ४. :**

प्रस्ताब नं. ४ माथि छलफल गर्दा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गत " रोजगार संयोजक " र श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत " प्राबिधिक सहायक " को करारमा कर्मचारी व्यवस्थापन गर्ने |कार्यविधि - २०७६ बमोजिम पदपूर्ति प्रक्रिया अगाडी बढाउने निर्णय सर्बसमतिले पारित गरियो |